आ.व. २०८१/०८२

बैठक संख्या ६

आज मिति २०८१/०८/१८ गते मंगलवारका दिन बिहान ८:०० बजे यस रामपुर नगर कार्यपालिकाको छैटौ कार्यपालिका बैठक (पहिलो घुम्ती कार्यपालिका बैठक) नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २ | श्री बाल कुमारी थापा | नगर उपप्रमुख | |
| ३ | श्री कपिल बहादुर खाँण | वडाध्यक्ष | |
| ४ | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५ | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६ | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८ | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९ | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १० | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११ | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२ | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३ | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४ | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६ | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७ | श्री दुर्गा देवी भण्डारी गौतम | कार्यपालिका सदस्य | |
| १८ | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९ | श्री यम बहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २० | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१ | श्री सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ को छैटौ कार्यपालिकाको बैठकका

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा
२. योजना सम्बन्धमा
३. विविध।

निर्णयहरु

१. निर्णय नं. १, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/०७/२६ गते बसेको छैटौ कार्यपालिका बैठकको निर्णयहरुको देहायबमोजिको समिक्षा गरियो ।

१.रामपुर नगरपालिका भएर बग्ने नदी कालीगण्डकी क्षेत्रमा भव्य रुपमा मनाइने पवित्र चाड हरिबोधिनी एकादशी २०८१ को पावन अवसरमा मिति २०८१/०७/२७ गते मंगलबारका दिन रामपुर नगरकार्यपालिकाको कार्यालय, नगरपालिका मातहतका सम्पूर्ण कार्यालयहरु तथा सम्पूर्ण शैक्षिक संस्थाहरुमा सार्वजनिक बिदा दिइएको ।

२. रामपुर नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा ८ बमोजिम यस अघि गठित नगर शिक्षा समितिको २ वर्षे कार्यकाल समाप्त भएकोमा सोही समितिलाई निन्तरता दिने गरी नगर शिक्षा समिति गठन गरिएको ।

३. शारीरिक, मानसिक स्वस्थता साथै आध्यात्मिक अभ्यास र अनुशासनको लागि मानव जीवनमा योग र ध्यानको महत्वपूर्ण भूमिका हुने हुदाँ रामपुर नगरपालिकाका विद्यालयका विद्यार्थीहरुलाई योग तथा संस्कार सिकाउनको लागि योग प्रशिक्षकको अति आवश्यक देखिएको हुनाले नियमानुसार १ जना योगा प्रशिक्षक व्यवस्था गर्ने साथै नगरपालिकाको खेल क्षेत्रको विकास, राष्ट्रपति रनिङ्ग शिल्ड लगायत अन्य खेलकुद प्रतियोगितामा रामपुर नगरपालिका भित्रका विभिन्न विद्यालयका विधार्थीहरुलाई अग्रस्थानमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले खेल प्रशिक्षक समेत आवश्यक रहेकाले नियमानुसार १ जना खेलकुद प्रशिक्षक व्यवस्था गरिएको ।

४. रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत भगवान राम सीताको मूर्ति स्थापनाको लागि जग्गा खरिद गर्ने प्रकृयालाई नियमानुसार अगाडी बढाउने प्रकृयामा रहेको ।

५. विपद व्यवस्थापन कोष शिर्षक लगायत विभिन्न शिर्षकबाट विभिन्न सहयोग गरिएको ।

६. नेपाल नगरपालिका संघको Ref. ३५-२०८१/०८२, मिति २०८१/०५/२१ को पत्रानुसार उक्त संघलाई अझ बढि क्रियाशिल गराउनका लागि संघको स्थायी आर्थिक स्रोतको रुपमा रहेको नगरपालिकाहरुबाट प्राप्त हुने वार्षिक सदस्यता शुल्क बापतको रकम संघलाई उपलब्ध गराई संघलाई रचनात्मक र अझ प्रभावकारी बनाउन योगदान गरिदिनुहुन भनि लेखि आएकोले सदस्यता शुल्क बापतको रकम रु २५,०००/-(पच्चीस हजार) उपलब्ध गराउने निर्णय गरिएको ।

७. रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत रामपुर नगरपालिका स्वागतद्धार निर्माण वडा नं. १० योजना कार्यान्वयनको लागि उपयुक्त स्थान रम्भा गाउँपालिका वडा नं. १ मा देखिएको साथै रम्भा गाउँपालिकाको स्वागत बोर्डको निर्माणको लागि गाउँपालिकाले यस नगरपालिकाको वडा नं. १० मा उक्त बोर्ड राख्नका लागि स्थान उपलब्ध गराइदिनुहुन भनि आग्रह गरेकोले अन्तर स्थानीय तह सहकार्य र समन्वयको परिकल्पना स्वरुप यस पालिकाको स्वागतद्धार रम्भा गाउँपालिका वडा नं. १ को उपयुक्त स्थानमा निर्माणका लागि स्थान उपलब्ध गराई सहजीकरण गर्नका लागि आग्रह गर्ने साथै गाउँपालिको स्वागत बोर्ड यस नगरपालिकामा राख्नका लागि सहमति दिने निर्णय गरियो ।

८. रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा खुला व्यामशाला निर्माण गर्न लागिएकोमा उक्त कार्यको लागि एकमुष्ठ रुपमा ठेक्का प्रकयाबाट गर्ने निर्णय गरिएको ।

९. रामपुर नगरपालिका वडा नं. ५ राङ्भाङ्ग किसानबारी जोडने सडकखण्ड अविरल वर्षका कारणले पूर्ण रुपमा क्षती पुगेकोले सो स्थानको मर्मतका कार्य लागि

प्राविधिकि ईस्टिमेटका आधारमा विपद व्यवस्थापन कोष शिर्षकबाट भुक्तानी हुने गरी उक्त कार्य गर्ने निर्णय गरिएको ।

१०.यस कार्यालयमा मिति २०७६/११/१२ गते नियुक्ति भई यस नगरपालिका र नरहरिनाथ गाउँपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/१९ को निर्णय अनुसार मिति २०७८/०९/१९ गते उक्त गाउँपालिका काज सरुवा भएका सब इन्जिनियर कमल बहादुर सहकारी र मिति २०७६/१२/०५ गते नियुक्ति भई यस नगरपालिका र नरहरिनाथ गाउँपालिकाको दोहोरो सहमति र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२६ गतेको निर्णय अनुसार काज सरुवा भएका असिष्टेण्ट सब इन्जिनियर धन बहादुर सहकारी निज दुवैलाई उक्त गाउँपालिकामा समान सेवा, समुह, पद/तहमा पदस्थापनाका लागि सहमति दिने साथै उक्त व्यहोराको जानकारी नरहरिनाथ गाउँपालिका, कालिकोट र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, विरेन्द्रनगर सुर्खेतलाई जानकारी गराइएको

११.यस कार्यालयको आ.व. २०८०/०८१ को वार्षिक समिक्षा कार्यक्रम तथा आ.व. २०८१/०८२ को पहिलो चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१ मंसिर १४ गते संचालन गर्ने गरी निर्णय गरियो ।

१२.रामपुर नगरपालिका १० नं वडा कार्यालयको च.नं. ३४७, प.सं. २०८१/०८२, मिति २०८१/०६/१८ गतेको पत्रानुसार उक्त वडाको मिलन चौपारी चम्फे पिपल भञ्याङ, पाँन सय गेझा धर्मपानी, राहुँ डाँडा छाप र वरडाँडा बौडी घाट मोटर बाटो मिति २०८१/०६/१२ र १३ को वर्षादको कारणले पहिरो गई क्षति भएको र आवत जावत गर्न अवरोध भएकोले मर्मतका लागि आवश्यक रकमका लागि पत्र प्राप्त भएकोले नगरस्तरीय मर्मत तथा निर्माण खर्च शिर्षकबाट कट्टा हुने गरी रु ४,५०,०००/-(रु चार लाख पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

१३.रामपुर नगरपालिका ४ नं वडा कार्यालयको च.नं. ५७२, प.सं. २०८१/०८२, मिति २०८१/०७/२५ गतेको पत्रानुसार उक्त वडामा रहेको मौलाथर खानेपानी योजना व्यवस्थापनको लागि आवश्यक बजेट रकम माग भएकोले ईस्टिमेटका

आधारमा नगरस्तरीय खानेपानी योजना खर्च शिर्षकबाट कट्टा हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

१४.माथि उल्लेखित लगायत अन्य विभिन्न विषयमा निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा यस रामपुर नगरपालिकाको आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरुको योजना सम्झौता मिति २०८१ मंसिर मसान्तसम्म मात्र गर्ने गरी निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगरपालिकाको खेल क्षेत्रको विकास, राष्ट्रपति रनिङ्ग शिल्ड लगायत अन्य खेलकुद प्रतियोगितामा रामपुर नगरपालिका भित्रका विभिन्न विद्यालयका विधार्थीहरुलाई अग्रस्थानमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले भक्तपुर जिल्ला निवासी BLACK BELT (SHODAN) सितोरियो कराते खेलाडी दिया थापालाई ३ महिनाको लागि खेल प्रशिक्षकको रुपमा सेवा सम्झौता गरिएकोमा निजलाई नेपाल सरकारले तोकेको नायब सुब्बा सरहको तलब बराबरको रकम उपलब्ध गराउने साथै उक्त अवधिको खाना, बासको खर्च समेत उपलब्ध गराउने निर्णय गरियो ।

४. निर्णय नं. ४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा शारीरिक, मानसिक स्वस्थता साथै आध्यात्मिक अभ्यास र अनुशासनको लागि मानव जीवनमा योग र ध्यानको महत्वपूर्ण भूमिका हुने हुदाँ रामपुर नगरपालिकाका विद्यालयका विद्यार्थीहरुलाई योग तथा संस्कार सिकाउनको लागि योग प्रशिक्षकको अति आवश्यक देखिएको हुनाले रामपुर नगरपालिका वडा नं. ६ निवासी सुदिप गैरेसँग सेवा सम्झौता गरिएकोमा निजलाई जिल्ला दररेट निर्धारण समिति, पाल्पाले आ.व. २०८१/०८२ का लागि तोकेको दैनिक ज्यालादारी रु ८२० उपलब्ध गराउने गरी ३५ दिनको लागि ज्यालादारीमा खटाउने निर्णय गरियो ।

५. निर्णय नं. ५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा लघु उद्यम विकास कार्यक्रम (मेडपा) शाखा अन्तर्गत कार्यरत रुपेश बहादुर सिंजापति र सोनिका विश्वकर्मा संघीय सशर्त प्राप्त हुन आउने तलब कार्तिक महिनासम्मको मात्र प्राप्त हुने र निजहरुको करार सम्झौता पुस मसान्त सम्म गरिएको हुनाले उक्त अवधिसम्मको तलब यस कार्यालयबाट नै भुक्तानी हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

६. निर्णय नं. ६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ५, ठूलटारमा निर्माण गरिएको सार्वजनिक शौचालयमा रहेको सटर भाडामा लगाई शौचालय समेत संचालन गर्ने गरी सार्वजनिक शौचालयमा रहेको सटर भाडामा लगाउने सम्बन्धी सिलबन्दी बढाबढको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CS CamScanner

७. निर्णय नं. ७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा वि.सं. २०१७ सालमा स्थापना भएको लुम्बिनी अंचलकै पुरानो रामपुर आयुर्वेद औषधालय २०२९ सालदेखि २०४३ माघ सम्म लुम्बिनी अंचल आयुर्वेद औषधालयको रुपमा स्वास्थ्य सेवा प्रदान गरेको र तत्पश्चात आयुर्वेद औषधालयको रुपमा रहेको रामपुर आयुर्वेद औषधालयको परिसरभित्र स्वास्थ्य मन्त्रालयको ०७२/०७३ मा स्विकृत कार्यक्रम अनुसार शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई,रुपन्देहीको खरिद नं. १५-२०७५/२०७६ मार्फत बोलपत्र प्रक्रियाबाट सम्झौता गरी २०७९ साल पौष महिनामा निर्माण भई मिति २०७९/११/०३ गते आयुर्वेद अस्पताल भवन रामपुर नगरपालिकालाई हस्तान्तरण भई चिकित्सकिय ओ.पि.डी. सेवा तथा आधारभुत आयुर्वेद स्वास्थ्य सेवा संचालन भइराखेको र थप सेवा विस्तार गर्न रामपुर आयुर्वेद अस्पताललाई नगर गौरवको योजनामा समावेश गर्ने निर्णय गरियो साथै नेपालको संविधान २०७२ को अनुसूचि ९ मा भएको व्यवस्था अनुसार स्वास्थ्य सेवा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार क्षेत्र भित्र रहेको हुँदा आवश्यक जनशक्ति, मेडिकल औंजार उपकरण (ओ.पि.डि. तथा आइ.पि.डि. सेवा, रेडियोलोजि, प्रयोगशाला, फर्निचर फर्निसिङ्ग, पूर्वकर्म/ पञ्चकर्म, सि.एस.एस.डि युनिट) सहित सम्पूर्ण व्यवस्थापन गरी गुणस्तरीय आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा संचालनका गर्न तथा नगर गौरवको आयोजनाका रुपमा संचालन गर्नका लागि स्थानीय तहको सिमित स्रोत साधनलेमात्र सम्भव नभएको हुनाले संघीय तथा प्रादेशिक मन्त्रालयमा आवश्यक सहयोग र समन्वयको लागि आग्रह गर्ने निर्णय गरियो ।

८. निर्णय नं. ८, प्रस्ताव नं. ३ माथि छलफल गर्दा कुशल कन्स्ट्रक्सन प्रा.लि. रामपुर नगरपालिका १०, पाल्पाको मिति २०८१/०८/०८ गतेको पत्रानुसार उक्त प्रा.लि.ले Upgrading of Deurali Swami Bhangyang Hatiya to Serkabass Road निर्माण कार्य गर्नका लागि आवश्यक १०० ट्र्याक्टर नदीजन्य निर्माण सामग्री उपलब्ध गराइदिनुहुन भनी निवेदन सहित माग गरेको साथै यस नगरपालिका अन्तर्गत आ.व. २०८१/०८२ का लागि विनियोजित योजनाहरु सम्झौता भई कार्यान्वयनको चरणमा रहेको र उक्त योजनाहरुको कार्यान्वयनका लागि निर्माणजन्य सामग्री अति आवश्यक रहेकोले यस रामपुर नगर कार्यपालिकाको छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी उक्त कन्स्ट्रक्सन प्रा.लि. लगायत सम्पूर्ण निर्माण व्यवसायी, उपभोक्ता समिति, निजी निर्माण कार्य प्रयोजन लगायतको लागि यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको पानसय खोला घाटबाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

९. निर्णय नं. ९, प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री बाल क्लयाण प्राथमिक विद्यालय, रामपुर, पाल्पाको च.नं. १४, पत्र संख्या २०८१/०८२, मिति २०८१/०७/२५ गतेको पत्रानुसार उक्त विद्यालयले २५ औ वर्ष पुरा गरेको अवसरमा २५ औं वार्षिक उत्सव मनाउन गइरहेकोमा रजत दिवस संचालन गर्नका लागि सहयोग माग गरेकोमा रु २५,०००/- (रु पच्चीस हजार) सहयोग गर्ने निर्णय गरियो ।

१०. निर्णय नं. १०, प्रस्ताव नं. ३ माथि छलफल गर्दा एज्मी मायरा कन्सट्रक्सन प्रा.लि. रामपुर-५ का प्रो शंकर बहादुर खाँणले यस कार्यालयले आह्वान गरेको ठेक्का नं. RMO/WORK/NCB/०५/०८१/०८२ को Construction of Blacktopped Road from Ratamata to Zero को कामका लागि Black Topped गर्नका लागि सबबेस माग गरेकोमा यस रामपुर नगर कार्यपालिकाको छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ यस कार्यालयमा नियमानुसार राजस्व बुझाउने गरी यस कार्यालयका नगर प्रहरीको निगरानीमा प्रारम्भिक वातावरणीय अध्ययन (IEE) भएको नाम्ले खोला घाटबाट उक्त कार्य गर्न अनुमति दिने निर्णय गरियो ।

११. निर्णय नं. ११, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिका वडा नं. ८ निवासी युवराज खनालले निजको नाममा दर्ता कायम खालिवन कित्ता नं. ५० र ७४० मा पर्ने खेत भौगलिक कारणले पहिरो जाने, बाटो बनाउने गर्दा सो जग्गामा को गिट्टी, ढुङ्गा निकासी गरी खेती गर्ने आवश्यक भएकोले रामपुर नगरपालिकालाई कर तिरी सो जग्गाको गिटी, ढुङ्गा निकासी गर्न पाउ भनी मिति २०८१/०८/१४ गते यस कार्यालयमा निवेदन पेस गरेकोमा छैटौ कार्यपालिकाको बैठकमा छलफल हुदाँ आ.व. २०८१/०८२ का लागि लुम्बिनी प्रदेशको आर्थिक ऐनको दफा ८ प्राकृतिक स्रोतको संकलन तथा बिक्रि शुल्क बमोजिको अनूसूची ६ बमोजिमका कागजात पेस गरी तोकिए बमोजिमको राजस्व बुझाउने गरी उक्त कार्य गर्नका लागि अनुमति दिने निर्णय गरियो ।

१२. निर्णय नं. १२, प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि स्थानीय सडक मर्मत संभार कार्य गर्न सडक बोर्ड नेपालबाट प्राप्त ५३,००,०००.००(अक्षररुपी त्रिपन्न लाख मात्र) बजेटबाट हुने सडक मर्मत कार्यको लागि सदावर्त स्लामपुर बेझाङ सडक, दरै आँप अमिलि फेद सडक कालीआँप पृथ्वी चोक मो.बा. मर्मत योजना छनोट गर्ने निर्णय गरियो ।

१३. निर्णय नं. १३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रुपन्देही जिल्ला फुटवल संघ, बुटवल रुपन्देहीको मिति २०८१/०८/१२ गतेको पत्रानुसार अखिल नेपाल फुटवल संघको केन्द्रिय कार्यालय सातदोबाटो ललितपुर अन्तर्गत रुपन्देही जिल्ला फुटवल संघको मातहतमा रहेको एन्फा एकेडेमी बुटवलमा संचालन भइरहेको फुटवल प्रशिक्षणमा पाल्पा जिल्लाबाट छनौट भएका एक मात्र खेलाडी यस रामपुर नगरपालिका वडा नं. ६ बस्ने विपल्प गुरुङ्गले मासिक रुपमा प्रशिक्षण बापत रु ८,०००/-(आठ हजार) बुझाउनुपर्ने भएको र निजको परिवारको आर्थिक अवस्था कमजोर पनि भएकोले उक्त प्रशिक्षण बापतको शुल्क नगर खेलकुद कार्यक्रम (मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१४. निर्णय नं. १४, प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | तेज कुमारी बस्याल | रा.न.पा-१० | होस्दी डिप वोरिङ खानेपानी योजनाको लिफ्टिङ्ग प्रयोग गरिएको विद्युतिय प्यानल बक्समा मिति २०८१/०६/१३ गते अचानक चट्याङ्ग परी क्षति भएको | रु १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| २. | वन्दना विश्वकर्मा | रा.न.पा-२ | निजको पति युवराज विश्वकर्मा विभिन्न प्रकारका रोग लागि उपचारको क्रममा रहेको निजको घरको आर्थिक अवस्था कमजोर | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ३. | कमला गैरे | रा.न.पा-३ | मुटु सम्बन्धी रोग | रु १०,०००/- (रु दश हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ४. | मनिसरा आले | रा.न.पा-१० | मुटु सम्बन्धी रोग | रु १०,०००/- (रु दश हजार मात्र) | आर्थिक सहायता शीर्षक |

नगर प्रमुख

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | विष्णु माया सुनार | रा.न.पा-४ | निजको श्रीमान दुर्गा बहादुर सुनारको मृत्यु भएको परिवारको आर्थिक अवस्था कमजोर भएको काजक्रिया खर्च | रु १२,०००/- (रु बाह्र हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ६. | बिनिता गोतामे | रा.न.पा-५ | केबलबोटे पधेरोमा गएको बखत आमा बिनिता गोतामे र छोरी प्रसिद्धी गौतम दुबै जनालाई विद्युत तार चुडेर करेन्ट लागेर उपचार भैरहेको | रु २०,०००/- (रु बीस हजार मात्र) | आर्थिक सहायता शीर्षक |
| ७. | दम बहादुर कुमाल | रा.न.पा-६ | निजको छोरा कमल बहादुर कुमालको मृत्यु भएको र निजको घरको आर्थिक अवस्था कमजोर | रु १२,०००/- (रु बाह्र हजार) | आर्थिक सहायता शीर्षक |

१५. निर्णय नं. १५, प्रस्ताव नं. ३ माथि छलफल गर्दा ७ नं. वडा कार्यालय, रामपुर पाल्पाको च.नं. ४८८, पत्र संख्या २०८१/०८२, मिति २०८१/०८/१६ गतेको पत्रानुसार पाल्पा जिल्ला, रामपुर नगरपालिका वडा नं. ७ मा अवस्थित आधारभुत स्वास्थ्य केन्द्र र वडा कार्यालय एउटै भवनबाट सेवा प्रवाह गर्दै आएकोमा स्वास्थ्य क्षेत्र संवेदनशील भएको र विभिन्न हिसाबले सुरक्षित तथा सम्पन्न, सुविधामैत्री छुट्टै भवन हुनुपर्ने आवश्यकता देखिएकोले छुट्टै आधारभुत स्वास्थ्य केन्द्र निर्माण गर्नुपर्ने देखिएकोले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाडौंमा भवन निर्माणका लागि आवश्यक रकम माग गर्ने निर्णय गरियो ।

१६. निर्णय नं. १६, प्रस्ताव नं. ३ माथि छलफल गर्दा Leo Club of Palpa II को मिति २०८१/०८/१७ गतेको पत्रानुसार २०८१ साल मंसिर महिनाको २६,२७, २८ र २९ मा पाल्पा जिल्ला अन्तर्गत युवा वर्गहरुलाई लक्षित गर्दै पालिका स्तरिय डाउन टाउन नकआउट क्रिकेट प्रतियोगिता तेस्रो चरण आयोजना गर्न लाइरेहकोमा उक्त प्रतियोगिता सम्पन्नका लागि आर्थिक सहयोग माग भई आएकोमा नगर खेलकुद विकास समिति रामपुर पाल्पाको सिफारिसमा सहभागिताको लागि खेलाडी पठाउने साथै रु ७०,०००/-(रु सत्तरी हजार) नगर खेलकुद कार्यक्रम (मेयर कप लगायत अन्य प्रशिक्षणमुलक कार्यक्रम) शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१७. निर्णय नं. १७, प्रस्ताव नं. ३ माथि छलफल गर्दा रामपुर नगरपालिकाको आयोजनामा मिति २०८१/०८/१५ गते र १६ गते संचालन गरिएको Meditation and Motivation कार्यक्रम संचालन गर्दा भएको खर्च विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी हुने गरी निर्णय गरियो ।